प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

कोशी प्रदेश, भद्रपुर, झापा

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, गाई ब्लक विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं. ०२/२०८०/०८१

प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०४
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८०/०७/०३

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम तर्फ आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको **गाई ब्लक विकास कार्यक्रम** सन्चालनका लागि **झापा** जिल्लामा क्षेत्र निर्धारण गर्नु पर्ने भएको हुँदा **परियोजना कार्यान्वयन म्यानुअल २०७७** ले तोके बमोजिम शर्तहरु पालना गरी साझेदार गर्न इच्छुक आवेदकहरुबाट अनुसूची-६ बमोजिम आवेदन साथ अनुसूची-७ अनुसारको आधारभुत तथ्याङ्क फाराम भरी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

यस विषयमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०२३-५२११६१ वा मोबाइल नं ९८१६३००४९९ मा सम्पर्क राख्न र कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेभसाइट www.pmamp.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम (जिल्ला झापा)

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति ईकाई अधिकतम साझेदारी रकम | प्रति ब्लकको लागि आवश्यक गाई संख्या | | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|---|
| १. | गाई ब्लक विकास कार्यक्रम | संख्या | १ | ६७ लाख ५० हजार | उन्नत संख्या | २०० | दैनिक २००० लि. दुध संकलन भएको वा हुन सक्ने क्षेत्र अन्तर्गत<br>• कृषि/पशु सहकारी संस्थाहरु<br>• कृषि समूह/समितिहरु<br>• प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक फर्म, कम्पनी |
| | | | | | स्थानीय/वर्णशंकर संख्या | ६०० | |

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरु

| | |
|---|---|
| १ | अनुसूची ६ बमोजिमको ढाँचामा आवेदन पत्र । |
| २ | अनुसूची ७ बमोजिमको आधारभुत तथ्याङ्क फारम । |
| ३ | अध्यक्ष वा सञ्चालकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी |
| ४ | प्रचलित कानून कमोजिम सूचना प्रकाशन अगावै आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता/नविकरण र प्यान/भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपि । |
| ५ | अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । |
| ६ | समूह/समिति/सहकारीको कार्यसमितिको निर्णयको प्रतिलिपी साथै सन्चालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी |
| ७ | सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र । |
| ८ | लागत साझेदारी गर्ने रकमको श्रोत।बैंक स्टेटमेन्ट।वित्तिय संस्थाको प्रतिबद्धता पत्र |

प्रस्ताव बुझाउने स्थानः
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा ।

२०८०/०६/०४
शितल भट्टराई